## टिप्पणी

# सफलताको शिकार

**केदार शर्मा**

२०४४ सालको कुरा हो, नेपाल प्रेस इन्स्टिटच्यूट र इन्टर प्रेस सर्भिसको संयुक्त आयोजनामा काठमाडौँमा 'विकास पत्रकारिता' सम्बन्धी तालिमको आयोजना भएको थियो । सहभागीमध्ये हामी धेरैजना भर्खरै कनीकुथी पत्रकारिता सिक्दै थियौँ, विकास पत्रकारिताको त क ख पनि हामीलाई थाहा थिएन । ठूला न्यूज एजेन्सीहरूका बारेमा, तिनका अभिरुचि र प्राथमिकताका बारेमा पनि हामीलाई थाहा थिएन । त्यस तालिममा भारतदत्त कोइराला र कुन्द दीक्षितको नेतृत्वमा विकासविज्ञान र पत्रकारिताका अग्रजहरूले हामीलाई विकासका कुरा बताउनु भयो, अनुसन्धान र पृष्ठभूमिको महत्त्व बुझाउनु भयो, लेखाइका सीप सिकाउनु भयो, प्रस्तुतिको छरितोपनका फाइदा अर्थ्याउनु भयो । समग्रमा त्यस तालिमबाट मैले जानेको कुरा थियो, विकास पत्रकारिता भनेको विकासको कुनै भौतिक पूर्वाधार बनेको वा बिग्रेको घटनाको रिपोर्टिङ मात्र होइन, विकासबारे सार्थक बहस चलाउने अभियान हो ।

तालिमकै क्रममा हाम्रा हातमा पऱ्यो अङ्ग्रेजी *हिमाल*को पहिलो अङ्क । नेपालको समग्र हिमाली क्षेत्रको विकास र वातावरणका कुरालाई समाज र समयसित सापेक्ष पारेर गरिएको *हिमाल*को पत्रकारिता हाम्रा लागि 'ए ! गर्नुपर्ने त यसो पो रहेछ' भन्ने राम्रो आधार भयो ।

हामीले पाएको तालिमका पृष्ठभूमिमा सन् १९६४ मा इन्टर प्रेस सर्भिसका रूपमा दक्षिणका मुलुकहरूको समाचार संस्थाको स्थापना, सन् १९७२ को स्टकहोम कन्फरेन्सपछि विकास र वातावरणका बारेमा चलेको बहस, प्रगतिलाई मानव विकासका मापदण्डहरूबाट नाप्ने प्रचलन आदि धेरै कुरा थिए । त्यसै वर्ष

*मिडिया अध्ययन* १: १७७-१८४, २०६३

अर्थात् सन् १९८७ मा ब्रन्ड्टल्यान्ड कमिसन[1] को युगान्तकारी प्रतिवेदन *आवर कमन फ्युचर* सार्वजनिक गरेपछि संसारमा वातावरण संरक्षण र दिगो विकासको लहर तीव्र हुँदै थियो र हामीलाई विकास पत्रकारिताको कुनै गन्तव्य छ भन्ने कुरामा पत्यार लाग्न थालेको थियो ।

## त्यस बेलाका हामी

२०४६ सालअघि धेरै मानिसहरू 'पत्रकार कि त पार्टीका कार्यकर्ता हुन्छन् नभए बरफबाग[2] का कर्मचारी हुन्छन्' भन्ने गर्दथे । अनौठो कुरा के थियो भने पत्रकारहरूलाई कसैले त्यसो भन्दा हाम्रो चित्त दुख्दैनथ्यो, हामी प्रतिवाद गर्दैनथ्यौँ । कारण स्पष्ट थियो, हामी आफू बरफबाग वा अन्य सरकारी निकायका प्रत्यक्ष/परोक्ष कर्मचारी थिएनौँ र पार्टी कार्यकर्ता भन्नु हाम्रालागि अपमानजनक कुरा थिएन । त्यस बेला पार्टी कार्यकर्ता भन्दा 'पञ्चायत विरोधी' भन्ने बुझिन्थ्यो, जुन हाम्रालागि गर्वको कुरा थियो ।

मेरा प्राथमिक गुरु किशोर नेपाल भने पत्रकारहरूलाई 'हामी', 'मण्डले' र 'भट्मास' भनेर तीन भागमा बाँड्नुहुन्थ्यो । हामी त्यस बेला अहिले 'मिसन पत्रकारिता' भन्ने गरिएको पत्रकारिता गर्दथ्यौँ । उहाँको परिभाषामा मण्डले पत्रकार भनेका पञ्चायतमा विश्वास गर्ने व्यक्तिहरू थिए । तर भट्मासहरूसित भने कुनै विचार हुँदैन, उनीहरू अर्काका लागि लेख्छन्, अर्काका लागि अर्काको 'सराद्धे' गरेर अर्काबाट पैसा लिन्छन् भन्ने उहाँको मान्यता थियो ।

भनिरहनु परोइन, विकासको बहस चलाउनु त्यस बेलासम्म कुनै पनि पत्रकारको प्राथमिकता थिएन । हामी जानेसकेसम्म पञ्चायतको घोर विरोध गर्थ्यौं तर हामीले पञ्चायतलाई नेपाली समाजको अविकास, असमानता र अवसरहीनतासित राम्ररी जोडेर हेर्न जानेका पनि थिएनौँ । 'उनीहरू' का त प्राथमिकता अलग्गै नै थिए, विकासको बहसबारे उनीहरूलाई सरोकार पनि थिएन । त्यसैले व्यावहारिक रूपमा विकास पत्रकारिता नेपालका लागि नयाँ विधा थियो ।

## निकै कुरा सिकिएछ

तालिममा बस्नेहरूमध्ये हामी धेरै नयाँ नयैँ थियौँ । अहिले जति चाँडै वरिष्ठ भइहाल्ने जमाना पनि थिएन त्यसैले त्यस तालिमबाट हामीले निकै कुरा सिक्न सक्यौँ ।

---

[1] नर्वेली प्रधानमन्त्री ग्रो हार्लेम ब्रन्ड्टल्यान्डको अध्यक्षतामा बनेको वातावरण र विकास आयोग ।

[2] बरफबाग अर्थात् गुप्तचर विभागको कार्यालय ।

त्यसपछि हामी विषयवस्तुलाई विभिन्न कोणबाट पर्गेल्ने सम्बन्धित व्यक्ति वा विज्ञहरूको भनाइ ‘कोट’ गरेर लेखनमा विश्वसनीयता बढाउने प्रयत्न गर्न थाल्यौँ । सामान्य मान्छेका सफलता, असफलता तथा सुख र दुःखलाई मुलुकको विकाससित जोडेर हेर्ने कोसिस गर्न थाल्यौँ ।

तर समस्या धेरै थिए । त्यस बेला तालिम पाउनेमध्ये कोही पनि सम्पादक भइसकेका थिएनौँ । त्यसैले पत्रिकामा हाम्रो हैसियत दह्रो थिएन । तालिमले हामीलाई त नयाँ ढङ्गले हेर्न र लेख्न सिकायो तर त्यस्तो रिपोर्ट पनि पत्रकारिता हो भन्ने कुरा हाम्रा सम्पादकहरूलाई नै थाहा हुन पाएको थिएन । बिनाकुनै बाह्य मद्दत त्यस्ता रिपोर्टिङ गर्ने हाम्रो हैसियत थिएन । त्यसैले जाँगर देखाउने पत्रकारहरूलाई नेपाल प्रेस इन्स्टिच्यूट, नेपाल वातावरण पत्रकार समूह जस्ता संस्थाले सानातिना फेलोसीपका रूपमा अलिअलि खर्च हालिदिने अभ्यास सुरु भयो । त्यसबाट रिपोर्टरहरूलाई त धेरै फाइदा भयो तर आफ्नै सम्पादकका आँखामा रिपोर्टरले डलर खाएको देखिने परिस्थितिसम्म बन्यो ।

२०४३ सालमा एउटा सानु, तर ज्यादै महत्त्वपूर्ण अग्रसरता भयो । भारतदत्त कोइरालाको नेतृत्वमा हेमबहादुर विष्टबाट । त्यो थियो *गाउँघर* भित्ते पत्रिकाको प्रकाशन । त्यसमा लागेका संस्थाहरू थिए नेपाल प्रेस इन्स्टिच्यूट, कृषि विकास बैंक र युनिसेफ । त्यसअघि मुलुकमा प्रकाशित नभएको भित्ते पत्रिका निकाल्ने दुईजनाको टोलीमा एकजना हेमबहादुर विष्ट नै हुनुहुन्थ्यो र अर्को हुन पाएको थिएँ मैले ।

*गाउँघर* भित्ते पत्रिकामा काम गर्दा मलाई धेरै फाइदा भयो । मैले त्यसै बेलादेखि विकासको कखरा चिन्न थालेको हुँ । आफू गाउँमै जन्मे हुर्केको भए पनि गाउँका आवश्यकता र चाहनालाई बुझ्ने मौका मैले त्यसअघि पाएको थिइनँ । समुदायको आवश्यकता र चाहनाअनुसारका विकास गतिविधि सञ्चालन गर्ने हो भने सहभागिता र दिगोपन आफैँ आउँछ भन्ने कुराका राम्रा राम्रा उदाहरण मैले त्यसैबेला देख्न र तिनका बारेमा लेख्न पाएँ । यद्यपि त्यस बेलासम्म हामीले ‘दिगो विकास’ भन्ने शब्द बनाएका पनि थिएनौँ ।

## दिगो विकासका लागि पत्रकारिता

२०४३ साल (सन् १९८६) मा नेपाल वातावरण पत्रकार समूहको स्थापना भयो । स्थापना त भयो तर पञ्चायती सरकारले संस्था दर्ता नगरिदिएकाले समूहका नाममा बैंक खातासम्म पनि खोल्न पाइएन । पछि २५ जना पत्रकारहरूका नाममा प्राइभेट लिमिटेड कम्पनीका रूपमा हामीले नेपाल वातावरण पत्रकार

समूह दर्ता गऱ्यौं । नेपालीमा त हाम्रो नाममा कसैलाई आपत्ति भएन, तर अङ्ग्रेजीमा भने हामीलाई 'जर्नलिस्ट' भन्न दिइएन र हामी आफ्नो नाम नेपाल फोरम अफ इन्भायरोन्मेटल कम्युनिकेटर्स लेख्न बाध्य भयौं । यसका पछाडि एउटा अत्यन्त हास्यास्पद तर्क थियो, उद्योग विभागमा पेशागत संस्था दर्ता गर्न नमिल्ने भएकाले त्यहाँ दर्ता भएको संस्थालाई जर्नलिस्ट फोरम भन्न मिल्दैन, भन्ने । अचम्म लाग्ने कुरा के भने त्यही कार्यालयले हामीलाई नेपाल वातावरण पत्रकार समूह भन्ने नाम राख्न भने छूट दिएको थियो ।

त्यसै ताका हो दिगो विकास भन्ने पद बनिएको । त्यसअघि अङ्ग्रेजीको 'सस्टेनेबल डेभलप्मेन्ट' को अनुवाद सबैले आ-आफ्नै पाराले गर्दथे । इन्स्टिच्यूट फर सस्टेनेबल एग्रीकल्चर नेपाल (इन्सान) भन्ने संस्थाले आफूलाई कृषि निरन्तरता संस्था भन्ने गर्दथ्यो । नेपाल वातावरण पत्रकार समूहको कार्यालयमा दिनहुँ भेला हुने हामी केही पत्रकारहरू पनि सस्टेनेबलको उपयुक्त नेपाली शब्द खोज्दै थियौं । बहनीय, धानिने, भरपर्दो, टिकाउ आदि विभिन्न शब्दहरू मन नपरेपछि हामी दिगो भन्ने शब्दमा सहमत भयौं । नेपाल वातावरण पत्रकार समूह, हिमाल एसोसिएसन, इन्सान, जराजुरी कोष आदिले संयुक्त प्रयास गरेकाले वातावरण संरक्षणका कुरा स्पष्ट शब्दमा नेपालको संविधान २०४७ मा पनि पऱ्यो ।[३] प्रधानमन्त्रीका मातहतमा रहने वातावरण संरक्षण परिषद् बन्यो । वातावरण र दिगो विकास जस्ता बेचल्तीका र नयाँ शब्दहरू नेपालीमा धेरै सुनिने शब्दमध्येका हुन गए ।

२०४८ सालको चुनाउपछि धेरै परिवर्तन आए । ब्राजिलमा हुने विश्व वातावरण सम्मेलनमा भाग लिन जानुअघि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई नेपाल वातावरण पत्रकार समूहको कार्यालयमा आमन्त्रण गरेर वातावरण, जैविक विविधता, अन्तर्राष्ट्रिय प्रचलन आदिका ज्ञाताहरूले जानकारी दिनेसम्मको काम भयो । त्यसबाट विकासबारे सरकार र गैरसरकारी संस्थाहरूको सम्बन्ध त राम्रो भयो नै, वातावरण र विकासका क्षेत्रमा काम गर्ने पत्रकारहरूलाई आफ्नो र आफ्नो कामको महत्त्व अरू स्पष्ट भयो । फलतः पञ्चायतले कानूनतः खुला गरेको तर व्यावहारिक हिसाबले प्रतिबन्धित नै रहेको सामुदायिक वनका

---

[३] नेपालको संविधान २०४७ भाग ४ अन्तर्गत राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा धारा १६ को राज्यका नीतिहरूअन्तर्गत उपधारा ४ मा लेखिएको छः "जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकाससम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरू पर्न नदिन एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ र दुर्लभ वन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गर्नेछ" (श्री ५ को सरकार २०४७ः १२) ।

ढोकाहरू खुल्न थाले । राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले खुलेर काम गर्न थाले, नेपालको अनुहार चहकिलो हुन थाल्यो । राजनीतिक विकासका बुइ चढेर समाज आर्थिक र सामाजिक विकासतर्फ लाग्नुपर्ने समय आयो । हामी आफ्ना तर्फबाट त्यस्तो प्रयत्नमा बल थप्न थाल्यौँ पनि ।

## विकास र विकासे

विकास पत्रकारिताका साउँ अक्षर फुटाउँदा हामीलाई सिकाइएको थियो, भ्रष्टाचार वा राजनीति वा दुर्घटना मात्र रोचक हुँदैन, मान्छेले हासिल गरेका उपलब्धिका कुरा पनि चाखलाग्दा हुन्छन् । गुरुहरूले त्यसलाई 'ह्युमन इन्टरेस्ट स्टोरी' अर्थात् मानवीय अभिरुचिका समाचार लेख भन्न सिकाउनु भएको थियो । सफलताका कारण र परिणाम, अर्थात् त्यसको पृष्ठभूमि र त्यसले जीवनमा ल्याएको परिवर्तनलाई पनि पर्गेल्न सके त्यसबाट विकास र त्यसका प्रक्रियाका बारेमा धेरै कुरा केलाउन सकिन्छ भन्ने त्यसको आशय थियो । मुलुकमा यस किसिमको गम्भीर विकास पत्रकारिता नभएको होइन, पत्रकारिताकै कारण गम्भीर विकास बहस र महत्त्वपूर्ण निर्णयहरू नभएका पनि होइनन्, तर सङ्ख्याका हिसाबले भने 'विकासे' पत्रकारिताले उछिन्न थाल्यो । विकासका बारेमा लेख्न, छलफल गर्न भनेर सुरु भएको विकास पत्रकारितामा 'सफलताको कथा' को धमिरा लाग्न थाल्यो । धमिराको गोलाले मूल संरचनालाई नै छोपे जस्तै विकास पत्रकारिता भन्नु नै सफलताको कथा हो भन्ने जस्तै पनि देखियो । विकास भनेको भौतिक संरचनाको निर्माण हो भन्ने बुझेको समाजलाई विकास भनेको परियोजनाको सफलता हो भन्ने बुझाउन थालियो । फलतः विकास पत्रकारिता 'सफलता पत्रकारिता' मा रूपान्तर भयो ।

कुनै व्यक्ति वा समुदायको सफलताको कथा सार्वजनिक गर्नुको उद्देश्य आशा जगाउनु र उपाय सिकाउनु हो । कुनै सफल कामको पृष्ठभूमि र प्रक्रिया पर्गेलेर त्यस्तो काम गर्न खोज्नेहरूलाई मद्दत पुगोस् भन्ने यसको आशय हो । तर दुर्भाग्यवश हामीकहाँ चलेको सफलता पत्रकारिताले पृष्ठभूमि र प्रक्रिया केलाउन सकेन । आम रिपोर्टरहरूमा त्यसका लागि चाहिने अध्ययन, अनुसन्धान, विश्लेषण गर्ने क्षमता थिएन । तर यसको दोष रिपोर्टरहरूका भागमा मात्र पर्दैन, उनीहरूलाई ती कुराको आवश्यकता बताउने, सिकाउने र समग्र तस्बिर दिने सामग्री माग गर्ने क्षमता धेरैजसो सम्पादकहरूमा पनि पाइएन ।

'चार वर्ष अघिसम्म एक गाग्रो पानी लिन बिहान भर हिँड्नुपर्ने लालकुमारी आज आँगनकै धारामा पानी थाप्छिन्' पाराका कथा सबैतिर भरिए । कुनै संस्थाले

कुनै गाउँमा पुऱ्याएको बन्दाको बीउका कारण गाउँकै कायाकल्प भएका कुरा व्याप्त भए । असफलताका त कुरै गरिएन । व्यक्ति वा समुदायको प्रगतिलाई पनि समग्र सामाज राजनीतिक परिदृश्यमा होइन, एउटा अलग्गै घटनाका रूपमा मात्र हेरिन थाल्यो ।

२०४७ सालको राजनीतिक परिवर्तनले नेपाली समाजमा पारेको प्रभाव २०५० सालपछि प्रतिफलकै रूपमा देखिन थाल्यो । यसमा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको ज्यादै महत्त्वपूर्ण भूमिका थियो । केही विकारहरू थिए होलान्, तर समग्रमा राम्रा काम नै धेरै भए । उदाहरणका लागि, सामुदायिक वनको व्यवस्थापन लगायतका काम अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा स्थानीय संस्थाहरूले सिकाए । सामुदायिक वनले आम मानिसलाई वन पैदावारको स्रोत मात्र दिएन, सामाजिक प्रयोजनका लागि सङ्गठित हुने मौका पनि दियो । वनका कर्मचारीको दब्दबा कम हुनासाथ, उनीहरूबाट अपमानित र दण्डित हुनु नपर्ने बित्तिकै अरू कर्मचारीलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आयो । जनताका आँखामा कर्मचारीतन्त्रको छवि फेरियो । वन प्रशासनको राणाकालदेखिको तस्बिर माटैमा मिल्यो । मानिसहरू निगाह, कृपा र अधिकारबीचको अन्तर छाम्न सक्ने भए ।

अहिलेसम्मको नेपालको स्वर्णकाल नै भन्न मिल्ने २०४७-२०५७ सालको अवधिमा आमसञ्चार, विद्युतीय सञ्चार, शिक्षा, स्वास्थ्य, नागरिक उड्डयन, मनोरञ्जन क्षेत्रमा आएका परिवर्तनले सहरी जनजीवनलाई प्रत्यक्ष प्रभाव पारे । वैदेशिक रोजगारी, कृषि, नगदेबाली, पीसीओ (निजी क्षेत्रबाट सञ्चालित सार्वजनिक टेलिफोन केन्द्र), एफएम रेडियो जस्ता क्षेत्रमा भएको विकासका कारण गाउँघर पनि बलिया भए । शताब्दीयौँदेखि खोक्रचाइएका नेपाली गाउँहरू यो छोटो अवधिमा धेरै बलिया त हुन पाएनन् तर एक दशक लामो द्वन्द्वमा आफ्नो धुकधुकी धान्न भने उनीहरूलाई यस्तै कुराले सिकाए र सघाए । अरू, पत्रपत्रिकाका संवाददाता र गैरसरकारी संस्थाका कार्यकर्ताहरूको उपस्थिति रहन पाएका गाउँठाउँमा त गाउँको सामूहिक बल अरू बढ्न गयो ।

## लौरो न हतियार

हामी पत्रकारहरूले यस्ता कुरालाई विकासका दृष्टिबाट केलाउन जानेनौँ वा सकेनौँ । अनि त्यो खालीठाउँको फाइदा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले लिन खोजे । पत्रकारहरूको अल्छीपना, सतही ज्ञान, छिचरो विश्लेषणमा उनीहरूले अलिकति स्रोत, साधन र सुविधाको मिठास हालिदिए र आफ्ना एकाङ्गी

विश्लेषणको भल बगाइदिन थाले । अर्काको गाडी चढेर, अर्काकै भत्ता र पारिश्रमिक लिएर काम गर्ने पत्रकारबाट विश्लेषण चाहिँ आफ्नो आउँछ भन्ने आशा गर्नु पनि थिएन । अनि विकास पत्रकारिताले 'विकासे कन्सल्टचान्सी' को रूप लिन थाल्यो । त्यति गर्दा पनि नभए अलि ठूला संस्थाहरू आफै 'विकासे पत्रिका' निकाल्ने, सके मूलधारकै पत्रकारलाई 'कन्सल्टचान्ट' बनाउने, नसके आफ्नै सञ्चार अधिकृतहरू राखेर आफ्नो डम्फु बजाउन थाले ।

यो प्रवृत्ति लेख रचनामा भन्दा पनि श्रव्यदृश्य माध्यममा अरू हावी भयो । संस्थाहरूले कसैलाई फिल्म बनाउन दिँदा अन्तर्वार्ता गर्नुपर्ने व्यक्ति र सोध्नुपर्ने प्रश्नको सूची पनि आफैँ उपलब्ध गराउन थाले । हजारौँ वृत्तचित्र बने, हामीले नै सयौँ बनायौँ । तर त्यसको तोड पत्रकारितामा पनि परिहाल्यो । सन् १९९४ मा नेपाल वातावरण पत्रकार समूहबाट हामीले *आँखीझ्याल* थाल्दा र त्यसपछिका केही वर्षहरूमा दाता थिएनन् र हस्तक्षेप पनि थिएन । कार्यक्रमले पत्रकारिताकै कारण मनग्ने ख्याति कमायो । पछि सहयोगका नाममा प्रायोजन जुट्यो र सम्झौता (एग्रीमेन्टको होइन, कम्प्रोमाइजको अर्थमा) गर्दै जानु संस्थाकै बाध्यता हुन थाल्यो । हुँदाहुँदा *आँखीझ्याल*को सम्पादन कक्षमा नै दाताका प्रतिनिधिहरू बसेको पनि देख्नु पर्‍यो ।

मैले आफूलाई पानीमाथिको ओभानो सावित गर्न खोजेको होइन । मूलतः श्रव्यदृश्य माध्यममा काम गर्ने व्यक्तिका नाताले मैले पनि त्यस्तै किसिमका अनेक सम्झौता गरेको छु । पत्रकार भएर गर्न नसकिने सम्झौता 'आफूलाई कन्सल्टचान्ट ठानेर' पनि गरेको छु र चित्त बुझाएको छु । कोहीकोही बेला, खपिनसक्नु हुँदा जवाफ फर्काएर केही संस्थाको अघोषित कालोसूचीमा पनि परेको छु । लेखको बीट मार्ने बेलामा एउटा प्रसङ्ग उल्लेख गर्न मन लाग्यो ।

गएको चैतमा, जनआन्दोलनको लगत्तैअघि म एउटा संस्थाका लागि बालबलिकाको जीवनरक्षासम्बन्धी भिडियो बनाउन कञ्चनपुर गएको थिएँ । प्रोजेक्ट निकै राम्रो लाग्यो । निकैपछि जनआन्दोलनको समाप्तिपछि फिल्म सम्पादन सकेर क्लाइन्टलाई हेर्न बोलाएँ । उहाँहरूसितका अरू सहमति असहमति यहाँ सार्वजनिक नगरुँ, तर एउटा संवाद भने चाखलाग्दो भयो । उहाँहरूको माग थियो "अन्तर्वार्ताका बीच-बीचमा 'सर', 'सर' भनेको अलि राम्रो सुनिएन, हटाइदिनु हुन्थ्यो कि ?" मिजासिला व्यक्तिले विनम्रपूर्वक गरेको आग्रह थियो त्यो । तर मलाई ओठे जवाफ आयो, "पाँच वर्षसम्म तपाईहरू 'सर', 'सर' भन्न सिकाउने अनि अहिले आएर मैले हटाउनु ? यो प्राविधिक हिसाबले पनि सम्भव छैन, म सक्दिनँ ।"

विकास र विकासे बीचको अन्तरको यो सानो उदाहरण हो भन्ने मलाई लाग्छ। संस्थाहरूले समाजको ठेक्का लिएको ठानेर त्यो ठेक्का सफलतापूर्वक पूरा गरेको दावी गर्न जे जस्ता सामग्री तयार गर्छन् वा गराउँछन्, मेरा दृष्टिमा 'विकासे पत्रकारिता' त्यही हो। दाताका लागि ती प्रिय हुन सक्लान् तर तिनले यथार्थ बोल्दैनन्। स्टुडियोमा काम गरेर मान्छेले भनेको 'सर', र 'हजुर' हटाउन सकिएला तर समाजलाई भने सामन्ती मर्यादाक्रमले डोहोऱ्याइरहेको हुन्छ।

गैरसरकारी संस्थाहरूको सफलता मात्र हेर्न खोज्ने बानीका कारण सफलताको कथामा आधारित विकास पत्रकारिता बाँदरको पुच्छर भयो, विकास प्रक्रियाका लागि न लौरो न हतियार। हामी पत्रकारहरूले पनि विकासको बहस चर्काउन सकेनौँ। नेपालमा सुरु भएको एउटा राम्रो अग्रसरता सफलताको (कथाको) शिकार भयो।

## सन्दर्भ सामग्री

श्री ५ को सरकार। २०४७। *नेपाल अधिराज्यको संविधान २०४७*। काठमाडौँ: कानून किताब व्यवस्था समिति, कानून तथा न्याय मन्त्रालय।